# उपभोग्य वस्तु तथा सेवाको सम्बन्धमा गर्न नहुने काम के के छन् ?

**उपभोक्ता संरक्षण ऐनको दफा १० मा कसैले पनि कुनै उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा देहायका कुनै काम गर्न, गराउन हुँदैन भनिएको छः**

१) कमसल उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्नु हुँदैन ।
२) उपभोक्तालाई झुक्याउने गरी कुनै उपभोग्य वस्तुको नक्कल गर्नु हुँदैन ।
३) कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी वा निम्नस्तरको उपभोग्य वस्तु वा सेवालाई उच्चस्तरको उपभोग्य वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री वितरण गर्न हुँदैन ।
४) कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्बन्धमा झुट्टा वा भ्रामात्मक प्रचारप्रसार वा विज्ञापन गर्ने किसिमले अनुचित व्यापारिक क्रियाकलाप गर्नु हुँदैन ।
५) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गर्न । र,
६) कानुनले तोकिएबमोजिम बाहेक अन्य कामहरू गर्नु हुँदैन ।

**उपभोग्य वस्तु वा सेवाको बिक्रि वितरणबाट कसैलाई कुनै प्रकारको क्षति पुग्न गएमा वा गैरकानुनी कार्य भएमा कस्तो सजाय हुन्छ र कहाँ उजुरी गर्नुपर्छ ?**

| उजुरी किन गर्ने | उजुरी कहाँ गर्ने ? | कुनै उपभोक्तालाई क्षति भएमा क्षतिपूर्ति कसरी पाउन सकिन्छ ? |
|---|---|---|
| **उपभोक्ता संरक्षण ऐनमा भएको व्यवस्था** | | |
| उपभोक्ता संरक्षण ऐनको विपरीत हुने गरी उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ताको तर्फबाट उपभोक्ता संस्थाले त्यस्तो उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गर्ने व्यक्तिबाट क्षतिपूर्ति भराई पाउँ भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको "क्षतिपूर्ति समिति" समक्ष त्यसरी हानी नोक्सानी पुगेको पैंतीस दिनभित्र उजुरी गर्नुपर्छ । | आफू बसेको सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको क्षतिपूर्ति समितिसमक्ष आफूलाई क्षति पुगेको प्रमाणसहित लिखित उजुरी गर्नुपर्छ । | क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी क्षतिपूर्ति समितिले उपभोक्तालाई हानीनोक्सानी पुग्न गएको ठहर गरेमा हानीनोक्सानीको आधारमा क्षतिपूर्ति रकम उपभोक्ता वा निजको हकवालाले पाउने कानुनी व्यवस्था गरिएको छ । |
| **कालोबजारसम्बन्धी ऐन, २०३२ मा भएको व्यवस्था** | | |
| सरकारले तोकेको कुनै मालवस्तुको व्यापार गर्ने व्यक्ति वा संस्थाले २० प्रतिशतभन्दा बढि मुनाफा लिएको पाइएमा वा कृत्रिम अभाव खडा गरी अनुचित फाइदा लिएको पाइएमा उजुरी गर्नुपर्छ । | प्रमुख जिल्ला अधिकारी | अपराध गर्ने व्यक्तिलाई ५ वर्षसम्म कैद वा जरिवाना वा दुवै हुनसक्छ । साथै सरकारले तोकेको मालवस्तु उत्पादक, आयातक वा मुख्य वितरकले निर्धारण गरेको मूल्यभन्दा बढि मूल्य लिई सामान बिक्रि गरेमा लिएको मूल्य फिर्ता गराई वा जफतगरी निजलाई १० वर्षसम्म कैद हुनेछ । साथै जरिवाना पनि हुन सक्नेछ । |
| **खाद्य ऐन, २०२३ मा भएको व्यवस्था** | | |
| दूषित खाद्य पदार्थ उत्पादन, बिक्रिवितरण, निकासी वा पैठारी गरेको पाइएमा । | प्रमुख जिल्ला अधिकारी | त्यस्तो व्यक्तिलाई ५ हजारदेखि १० हजार रूपैयाँसम्म जरिवाना वा १ वर्षदेखि २ वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ । |

**उपभोक्ता अधिकारमा सचेत होऔं !**

**जाँदाजाँदैः**

सूचनाको हकसम्बन्धी ऐन, २०६५ ले नेपाली नागरिकलाई सूचना माग्ने, पाउने र अवलोकन गर्ने अधिकार दिएको छ ।

**सहकार्यः**

असल शासन फाउण्डेशन
GoGo Foundation

जिल्ला प्रशासन कार्यालय, काठमाडौं
फोनः ४२६२४७८